सन्दर्भः बोध कथा

# गंगा, गीता र हिमालय

- स्वामी आनन्द अरुण

ज्ञानका कुरा साधारण गम्भिर हुन्छन् र साधनामा रुचि नभएका व्यक्तिलाई बुझ्न गाऱ्हा हुन्छन् । गलत मानिसको हातमा ज्ञानका गहन सुत्रले दुष्परिणाम पनि ल्याउछन् । बुझ्न सकिएन भने अर्थको अनर्थ पनि हुन जान्छ । त्यसकारण गहन उपदेश सिमित साधकहरूको बीचमा गरिन्थ्यो र सामान्यजनबाट गोप्य राखिन्थ्यो । तर अत्यन्त करुणावान् सद्‌गुरुहरूले सामान्यजनले पनि बुझ्ने गरी आफ्ना उपदेशहरू बोधकथाका रुपमा व्यक्त गरेको पाइन्छ । जस्तो जिसस, सुफीसन्त, झेन गुरुहरू, यस युगमा श्रीरामकृष्ण र ओशोले पनि साना साना बोध कथाका माध्यमबाट गहन विषयहरू पस्केका छन् । बोधकथामा लुकेको ज्ञानबाट खतरा हुँदैन किनभने हाम्रै जीवनका परिचित पृष्ठमूभिमा सामान्य पात्रहरुद्वारा गहन प्रेरक सन्देश यसमा प्रस्तुत हुन्छन्, सरलतम भइकन पनि यिनले जीवन रुपान्तरको संभावना बोकेका हुन्छन् । तर सामान्य गैरसाधकले त्यो पढेर थोरै भएपनि मनोरन्जन मात्र लिनसक्लान् । मिथ्या ज्ञानको खतरा नहुनु र मुमुक्षुका लागि ती गहन रुपान्तरको प्रेरणा बन्न जानु यिनका विशेषता हुन । यस्तै केही बोधकथाहरु यहा प्रस्तुत छन्ः

## क्षतिपूर्ति

निष्पट्ट एक अधेरी रात एउटा चोर एउटा दोकानमा चोर्न पसेछ । अध्यारोमा ऊ झ्यालमा समातेर भित्र के छिर्न लागेको थियो, झ्याल टुटेर तल झ्रयो र त्यसैको भरमा झुण्डेको ऊ पनि भुईमा पछारियो । उ भाग्न सकेन, पक्राउ खायो । अर्को दिन उसलाई सजायका लागि अदालतमा पेश गरियो । आफ्नो सफाईमा केही भन्नु छ भनी न्यायधिसले सोध्दा उसले ‘म चोरीको सजाय भोग्न तयार छु, तर मैले पनि न्याय पाउनु पर्छ । झ्याल खसेर लडदा म अहिले अपांग भएको छु । यसको क्षतिपूर्ति दिलाई पाऊँ ।’

न्यायाधिसलाई चोरको कुरा मनासिव लाग्यो, उनले सिपाहीहरूलाई आदेश जारी गरे - जसको घरको झ्याल टुटेर यो घटना घटेको छ, उनलाई यहाँ हाजिर गराउनु ।’ दोकानदारलाई हाजिर गराइयो । उसले भन्यो - ‘हजुर, मैले त्यो झ्याल भरखरै मात्रै लगाएको थिए । त्यो सिकर्मीले कमजोर झ्याल बनाएछ, गल्ती उसको छ । क्षतिपूर्ति उसैबाट असुलिनु पर्छ ।’ दोकानदारको कुरा तर्कसंगतै थियो, न्यायधिसले सिकर्मीलाई अदालतमा हाजिर गराउने आदेश दिए । सिकर्मीले आफ्नो बचाउ गर्दै भन्यो, ‘जब म यो झ्याल बनाइरहेको थिए । बाटामा एक अति नै सुन्दरी युवती गइरहेकी थिई । मेरो ध्यान अनजानै मा उतर्फ मोडियो र झ्याल राम्ररी कसिएन । यसमा गल्ती त त्यो युवतिको छ ।’

त्यस युवतिलाई पनि खोजियो । अदालतमा उसले भनी, 'म त एक साधारण युवती हुँ । त्यस दिन मेरा पतिले मलाई यति आकर्षक पोशाक ल्याएर दिए कि त्यो लगाएर म हिंडदा जो पनि मलाई हेरेको हेर्‍यौ हुन्थ्यो । यसमा मेरो के कसुर ? यति सुन्दर कपडा मलाई ल्याएर दिने मेरो पति कै यसमा गल्ती छ ।'

त्यस युवतिको पतिलाई खोज्नै परेन किनभने त्यो चोर नै उसको पति थियो ।

**दया**

एकचोटि केही सिपाही मुहम्मद साहबलाई पकडिन उनको पीछा गर्दै थिए । उनका साथ उनका एक मित्रपनि थिए । ज्यान नै खतरामा परेको त्यस क्षणमा उनका मित्रले भने, 'हजरत, सिपाहीहरू नजिक आइरहेका छन्, त्यसैले हामीले लुक्न उपयुक्त ठाउँ खोज्न अति जरुरी छ ।' त्यति कैमा उनीहरूले नजिकै एउटा गुफा देखे । त्यसको नजिक पुग्दा गुफाको मुखमा एउटा माकुरोले जालो बुनेको रहेछ । ज्यान जोगाउन आतुर उनका मित्र त्यस जालोलाई हटाउदै गुफा भित्र पस्न खोजेका मात्रै के थिए मुहम्मद साहबले उनलाई रोक्दै भने, 'मित्र, जालोलाई नतोड । कति मेहनेत गरेर माकुरोले आफ्नो सुरक्षाको लागि यो जालो बुनेको छ । त्यसैले यसलाई यहाँबाट हटाउन उचित हुनेछैन ।'

तर मित्रलाई त्यो कुरो उचित लागेन । उनले भने, 'हामीसँग समय छैन, शत्रु मार्न पछि लागेका छन्, यस्तो बेला आफ्नो ज्यान जोगाउन यो जालोलाई गुफाको मुखबाट हटाउन के नै पाप हुन्छ र ? अहिले यति भावुक बन्नु भनेको आफ्नै ज्यान गुमाउनु हो ।'

मुहम्मद साहबले भने, 'तिमीले भनेको ठिकै छ । तर त्यति स्वार्थी पनि नबन । आफ्नो ज्यान जोगाउन अरुलाई दुःख दिनु ठिक छैन । यदि हामीले यस्ता बेला दया गरेनौं भने कहिले गर्ने ?'

मुहम्मद साहबको यस्ता कुराले मित्रको हृदय छोयो र होशियारीपूर्वक दुबै जालोलाई जोगाउदै गुफामा छिरी लुके ।

उनीहरूलाई खोज्दै आएका सिपाहीहरू पनि गुफाको नजिकै आइ अडिए र यता उता लुकेको छन् कि भनी खोज्न थाले । खोज्दै अझ नजिकै आई हेर्दा गुफाको मुख जालोले बन्द भएको देखे र सिपाहीहरूलाई लाग्यो यदि उनीहरू गुफा भित्र छिरेका भए त अवश्य जालो फाडिएको हुने थियो । पुर्ण रूपमा माकुरोको जाली गुफाको मुखमा झुण्डिएको देखेर दोषीहरू गुफा नछिरेको निर्क्यौल गरी सिपाहीहरू उनीहरूलाई खोज्न अघि बढे ।

**ज्ञानको मोल**

विश्व विख्यात चीनी यात्री ह्यू येनत्सांग आफ्नो प्रसिद्ध भारत यात्राका दौरान त्यस बेलाको शिक्षाको विशाल केन्द्रको रूपमा प्रख्यात नालन्दा विश्वविद्यायलमा सात वर्षसम्म

विद्यार्थीका रुपमा रहेर शिक्षा हासिल गरेका थिए । केही समय उनले त्यहीं शिक्षकका रुपमा पनि कार्य गरे । एक दिन उनले चीन फर्किने निश्चय गर्दै आफुले लेखेको केही पुस्तक, चीनी भाषामा अनुवाद गरेका सयौं अद्भूत बौद्ध साहित्यहरू आफूसँगै लिएर जाने तयारीमा लागे । ह्यू येनत्सांग फर्किने कुरा सुनेपछि नालन्दा विश्वविद्यालयमा पढ्ने
अरु १५ चीनी विद्यार्थी पनि उनीसाथै चीन फर्किने तयारी गर्न थाले । उनीहरूकालागि चीन फर्किने महत्वपूर्ण एक कारण थियो - ह्यू येनत्सांगसँगको लामो सामिप्य र सत्संग ।

उनीहरू यात्राको तयारीमा लागे । समुद्र यात्रा गर्नुपर्ने भएपछि एउटा नौकाको व्यवस्था गरियो । निश्चित दिन सबैजना समुद्री मार्गबाट रवाना भए । केही दिनपछि समुद्रको बीचमा पुगेपछि दुर्भाग्यवश ठूलो समुद्री तुफान आयो र नौका डूब्न थाल्यो । नाविकले ह्यु येनत्सांगलाई भने, ‘महाशय, नाउ भारी भइरहेको छ, अगाडि जान मुश्किल छ । कृपया केही गह्रौ पुस्तकहरू फालिदिनुस् । लामो समयको आफ्नो मेहनेत र परिश्रम यसरी बर्थैमा जान लागेको देखेर ह्यु येनत्सांग असमन्जस्यमा परे । त्यतिकै मा एक विद्यार्थी उठेर भने, ‘गुरुदेव, यी पुस्तकहरू कहिल्यै नफ्याक्नु होला किनभने यिनीहरू ज्ञानअमृतले परिपूर्ण छन् र हाम्रो देशमा यिनीहरूको अति ठूलो उपयोगिता हुनेछ । हामी आफ्नो देश नपुगे ठूलो हानी हुनेछैन तर यी पुस्तकहरू पुगेनन् भने देश ठुलो ज्ञानबाट बन्चित हुनेछ, त्यसैले यी पुस्तकहरू जसरी भएपनि मातृभूमि पुग्नै पर्छ ।’ यति भनेर तिनले आफ्ना साथीहरू तिर हेरे र सबै विद्यार्थीहरू बिना कुनै हिच्किचाहट सागरमा हाम फाले ।

osho@tapoban.com